अर्किड केयर होममा पेडियाट्रिक रिहाबिलिटेशनको तेस्रो वार्षिकोत्सव सम्पन्न





हिमालय टाइम्स
काठमाडौं, २१ मंसिर

वार्षिकोत्सवले अटिजम सम्बन्धी सचेतना, समावेशिता र परिवार तथा समुदायको सक्रिय सहभागितामा जोड दिएको थियो ।

आर्किड केयर होम एण्ड रिहाबिलिटेशन सेन्टरले पेडियाट्रिक रिहाबिलिटेशनको तेस्रो वार्षिकोत्सव धूमधामका साथ मनाएको छ ।

कार्यक्रममा विशेष रूपमा अटिजम सम्बन्धी सचेतना फैलाउने गतिविधिहरू समावेश गरिएका थिए ।

वार्षिकोत्सवको अवसरमा जागरणका लागि प्रभातफेरी गरिएको थियो जसले समुदायमा अटिजमसम्बन्धी सचेतना बढाउने उद्देश्य राखेको थियो । कार्यक्रममा बालबालिका, शिक्षक र केयरगिभरहरूले आकर्षक नृत्य र प्रस्तुति प्रस्तुत गरेका थिए । त्यस्तै, सो अवसरमा आयोजना गरिएका मनोरञ्जनात्मक खेलहरूले वातावरणलाई रमाइलो र सहभागीमूलक बनाएको थियो ।

हिमालय टाइम्सका कार्यकारी निर्देशक उज्ज्वल शर्माको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अभिभावकको हातबाट 'अक्षरालय' को उद्घाटन गरिएको थियो । यो विशेष आवश्यकता भएका बालबालिकाहरूलाई संरचित र व्यक्तिगत आवश्यकता अनुसारको थेरापी प्रदान गर्ने प्रि-स्कूल वातावरणको रूपमा सञ्चालन हुने जनाइएको छ । अर्किडका मेनेजिङ डाइरेक्टर अस्मिका कटुवालले यस अक्षरालयमार्फत बालबालिकाले मात्र नभई अभिभावकहरूबाट पनि माया, साथ र विश्वास पाउने अपेक्षा रहेको बताउनुभयो । सो अवसरमा विभिन्न प्रतियोगितामा विजेतालाई पुरस्कार प्रदान गरिएको थियो ।

वार्षिकोत्सवले अटिजम सम्बन्धी सचेतना, समावेशिता र परिवार तथा समुदायको सक्रिय सहभागितामा जोड दिएको थियो । कार्यक्रममा महिला सुरक्षा दवाव समूहकी निर्वतमान अध्यक्ष कल्याणी शाह, निलम शर्मा, प्रतिमा भण्डारी, डा. पूर्णिमा तुलसीयन, डा. देवेन्द्र सोन्धर्व, सुबिक्षा शर्मा, यमुना कटुवाल, तारा भट्टराई लगायतको आतिथ्यता रहेको थियो ।

सपना, ऊर्जा र सम्भावनाको नयाँ थलोका रूपमा बर्दघाट युवा घर बन्ने

प्रकाश न्यौपाने/हिटा
नवलपरासी, २१ मंसिर

पश्चिम नवलपरासीको बर्दघाटमा १६ देखि ३० वर्ष उमेर समूहका युवाका लागि युवा घर स्थापना गर्ने अभियान सुरु भएको छ । बर्दघाटलाई युवामैत्री शहर बनाउने लक्ष्यसहित डेनमार्कको होलब्याकस्थित लुर्सेना युथ हाउसका युवा प्रतिनिधि आगामी फेब्रुअरी २ देखि १४ सम्म नेपाल आउने भएका छन् ।

समृद्ध समुदाय विकास केन्द्र र बर्दघाट नगरपालिकाको सहकार्यमा अघि बढाइएको 'युथ हाउस युथ आउट बोर्डसः होलब्याकदेखि बर्दघाटसम्म' परियोजनाअन्तर्गत डेनमार्ककका कला, सीप, नेतृत्व र सामुदायिक काममा सक्रिय युवाहरू बर्दघाट आउने समृद्ध समुदाय विकास केन्द्रका निर्देशक युवराज चापागाईंले जानकारी दिनुभयो ।

समुदाय विकास केन्द्र लुम्बिनी प्रदेशमा युवा सशक्तीकरण, उद्यमशीलता प्रवर्द्धन र गुणस्तरीय शिक्षाको पहुँच विस्तारमा सक्रियरूपमा काम गरिरहेको संस्था हो । संस्थाका अनुसार स्थानीय सरकार र यहाँका व्यावसायिक प्रतिष्ठानहरूले युवालाई सकारात्मक समाज निर्माणतर्फ प्रेरित गर्नुपर्ने आवश्यकतामा थप स्पष्ट हुँदै गएको छ । चापागाईंका अनुसार डेनमार्कबाट आउने टोलीले बर्दघाटका विभिन्न टोल र विद्यालयका झण्डै ३० स्थानीय युवासँग प्रत्यक्ष अन्तरक्रिया, अभिमत संकलन, स्थान-अवलोकन र समाज-अध्ययन गर्नेछ । दुई साता रहने टोलीलाई स्थानीय परिवारकै घरमा होमस्टेको व्यवस्था मिलाइएको छ ।

परियोजनाअन्तर्गत दुई दिन व्यापक अन्तरक्रिया, एक दिन स्थान भ्रमण, स्थानीय राजनीतिक दलसँग युवासम्बन्धी धारणा सुन्ने कार्यक्रम र युवाहरूले चाहेका गतिविधिको सूची तयार पार्ने योजना छ । पत्रकारहरूले कार्यक्रम सञ्चालनका क्रममा समयको राजनीतिक संवेदनशीलता विचार गर्नुपर्ने सुझाव पनि दिएका छन् । नेपाल बसाइका क्रममा डेनिस युवाले बर्दघाटका युवाको दैनिक जीवन, सामाजिक संरचना, चुनौती र सम्भावनाबारे नजिकबाट बुझ्नेछन् । डेनमार्क फर्किएपछि उनीहरूले फोटो प्रदर्शनी, भिडियो कथा र सार्वजनिक संवाद कार्यक्रममार्फत् नेपाली युवाको जीवन, सपना र संघर्षबारे त्यहाँको समुदायलाई जानकारी गराउनेछन् ।

हकदावीको सूचना

वागमती प्रदेश नुवाकोट जिल्ला वागेश्वरी गाउँ पञ्चायत वडा नं ०२ हाल सुर्यगढी गा. पा. वडा नं. २ बस्ने विश्वनाथ अधिकारीको नाति वेदनाथ अधिकारीको छोरा श्री राम प्रसाद अधिकारीको मिति २०८२/०७/१७ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं ०६८०५०५०२६४७२३ मा भएको सम्पूर्ण रकम निज श्री राम प्रसाद अधिकारीको सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको श्रीमाती पुर्ण कुमारी अधिकारीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक पुर्ण कुमारी अधिकारी बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदक पुर्ण कुमारी अधिकारीको माग दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB शाखा कार्यालय, चोकदे, नुवाकोट
फोन नं. : ९८५१३१८८६९

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृतका लागि छनोट गरिएको आशयको सूचना

प्रथम पटक प्रकाशित मिति :-२०८२/०८/२२

मिति २०८२/०७/१४ हिमालयन टाईम्स राष्ट्रिय दैनिकमा र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचनामा उल्लेखित अन्तिम म्याद भित्र रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्म न्यूनतम मुल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही भई तपशिल बमोजिमको बोलपत्र स्वीकृतको लागि छनोट गरिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उफदफा २ र ३ र सोही ऐनको दफा ४७ प्रयोजनार्थ सम्वन्धित सबैलाई जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. स.	बोलपत्र नं	कामको विवरण	बोलपत्र दाताको नाम, ठेगाना	कबोल रकम (मु.अ.क. बाहेक)	कैफियत
1	GRM/RCH/IR2/NCB/01/082/83	गोकुलगंगा गाउँपालिका भएर बग्ने खिम्ती खोला क्षेत्र भित्रको ढुङ्गा, गिट्टी, बालुवा, माटो डस्ट आदि प्राकृतिक एंव खानीजन्य बस्तुको बिक्रि शुल्क (Collection of Internal Revenue Fee for Sales of Mining Stone Excavation, gravel, aggregates, Stone, Soil, Dust etc.)	Kasturi Builders Pvt. Ltd. Baiteshwor-6, Dolakha	3760000.00	

प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः२०८२।०८।२२)

यस कार्यालयबाट मिति २०८२।०६।२६ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E–Procurement Portal मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

सि.नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम रु. (भ्याट र PS बाहेक)
1	1/JRM/NCB/WORKS/2082/083	Wada No. 4 Hasnapur Dekhi Bani Mandir Samma Kalopatre	K.M.Construction , Dhangadhi-5 Kailali	47,85,738.03
2	2/JRM/NCB/WORKS/2082/083	Simrana Shiva mandir Dekhi Paschim Jhudiya Jane Sadak Kalopatre ra Dhal Nikas	A and L Builders Pvt.Ltd., Dhangadhi-5 Kailali	39,34,326.90
3	3/JRM/NCB/WORKS/2082/083	Wada No.5 Paschim Jhuriya Dekhi Mainpokhari Chowk Samma Culvert Sahit Kalopatre	Bist Construction ,Lamkichuha-10 Kailali	53,91,053.81
4	4/JRM/NCB/WORKS/2082/083	Wada No.5 Ko Shiva Mandir Dekhi Adhuro Jhudiya ra Shree Ram Ko Ghar Dekhi Chandal Chowk Samma Dhal Nikas	K.M.Construction , Dhangadhi-5 Kailali	88,00,832.96

प्रमुख प्रशासकीय अधिकृत

Menchhiyam Hydro Power Limited
Maharajgunj, Kathmandu

Unaudited Statement of Financial Position

BALANCE SHEET As on 17 October, 2025

Particulars	F.Y. 2082/083 2082 Asoj Ending	F.Y. 2081/082 2082 Asar Ending (Restated)	F.Y. 2081/082 2081 Asoj Ending
Shareholders Fund			
Equity Share Capital	542,583,300	542,583,300	542,583,300
Share Premium	-	-	-
Reserve & Surplus	(661,614,860)	(675,552,369)	(331,148,169)
Medium and Long Term Loan			
Secured loan	1,182,340,289	1,177,245,198	879,009,025
Current Liabilities			
Sundry Creditors , Payables and Provision for Expenses	334,277,482	345,888,592	177,053,887
Deferred Interest Payable	-	-	142,806,703
Other Current Liabilities	3,942,174	3,942,174	
Total Sources of Fund	**1,401,528,386**	**1,394,106,895**	**1,410,304,746**
Application of Fund			
Non Current Assets			
Property Plant and equipment	1,255,409,602	1,267,683,416	1,190,782,714
Current Assets			
Inventory			
Debtors & Receivables	31,755,615	24,592,362	386,481
Deferred Expenses-Share Issue			
Cash and Bank Balance	2,812,225	384,204	73,001,671
Advance, Loan, Prepaid and Deposits	111,550,943	101,446,913	146,133,880
Total Application of Fund	**1,401,528,386**	**1,394,106,895**	**1,410,304,746**

STATEMENT OF PROFIT & LOSS
For the period 17 July 2025 to 17 October 2025

Particulars	F.Y. 2082/083 2082 Asoj Ending	F.Y. 2081/082 2082 Asar Ending (Restated)	F.Y. 2081/082 2081 Asoj Ending
Revenue			
Electricity Sale to NEA	49,229,818	32,265,276	-
Cost of Sales	1,426,224	-	-
Gross Income	47,803,594	32,265,276	
Income From Insurance	-	101,815,887	-
Other Income	-		
Expenses			
Administrative Expenses	2,316,021	402,849,416	770,257
Profit before Interest, Depreciation and Tax	**45,487,573**	**(268,768,254)**	**(770,257)**
Financial Expense	18,489,916	72,929,493	18,857,306
Depreciations & Amortizations	13,060,147	52,240,589	9,627,903
Profit Before Tax and Bonus	**13,937,510**	**(393,938,336)**	**(29,255,466)**
Employee Bonus		-	
Profit before Tax		-	-
Provision for Tax		**-**	**-**
Current Tax			-
Deferred Tax Income (Expense)			-
Net profit for the year	**13,937,510**	**(393,938,336)**	**(29,255,466)**
Profit upto Previous Year	(675,552,369)	(281,614,033)	(301,892,703)
Appropriation			
Bonus Dividend	-	-	
Cash Dividend for Tax	-	-	
Net profit transferred to balance sheet	**(661,614,860)**	**(675,552,369)**	**(331,148,169)**

Notes:
1. The above mentioned figures are subjects to changes during statutory audit.
2. Previous year figures are reclassified whenever necessary.

अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
त्रैमासिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

आ.व. २०८२/२०८३ को (आश्विन मसान्त सम्म) त्रैमासिक अवधिको विवरण

१. **वित्तिय विविरणः**

(क) आ.व.२०८२/२०८३ को त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणहरु यसै साथ संलगन गरिएको छ ।

(ख) **प्रमुख वित्तिय अनुपातहरु सम्बन्धी विविरणः**
प्रति शेयर आम्दानी त्रैमासिकः १०.२७, मूल्य आम्दानी अनुपात P/E ratio: ४६.९१,
प्रति शेयर नेटवर्थः (२१.९४), प्रति शेयरकुल सम्पत्तिको मुल्यः २५८.३१, तरलता अनुपात : ०.४३

२. **व्यवस्थापकीय विश्लेषणः**
कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालका घटनाहरुः यस त्रैमासिक अवधिमा परियोजना पुनसंचालनमा आएको र सन्तोषजनक रुपमा विद्युत उत्पादन भईरहेको छ ।

२. **व्यवसायिक विश्लेषण :** कम्पनीले पुनर्निर्माण गरि सञ्चालनमा रहेका आयोजना (माथिल्लो पिलुवा खोला-२, ४.७२ मे.वा.) बाट सन्तोषजनक रुपमा विद्युत उत्पादन भईरहेको छ ।

३. **कानुनी कारबाही सम्बन्धी विवरणः**
(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भएः** सो नभएको ।
(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भएः** सो नभएको ।
(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भएः** सो नभएको ।

४. **संगठित संस्थाको कारोबार सम्बन्धी विश्लेषणः**
(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः**
- धितोपत्र बजारमा हाल भइरहेको संगठित संस्था कारोबारमा देखिएको उतार चढाव यस कम्पनीको हकमा समेत प्रभावको रुपमा देखिएको छ । शेयरको मुल्य एवम खरिद बिक्रीमा कहिले अधिकतम वृद्धी हुने कहिले अधिकतम संकुचन अवस्था देखिदै आएको छ । यदपि हालसम्म भएको कारोवार र शेयरको मुल्यलाई छलफल एवम् मुल्याङन गर्दा सन्तुष्ट हुने अवस्था नै रहेको छ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्याः**
शेयरको अधिकतम मूल्यः ५७५.०५ शेयरको न्यूनतम मूल्यः ४५९.५०
शेयरको अन्तिम मूल्यः ४८५.०० शेयर कारोबार भएको कूल दिनः ५१ दिन

५. **समस्या तथा चुनौति**
- नेपालको शेयरकारोबारमा परियोजनाहरूमा सम्स्या र चुनौतीहरू अनेक प्रकारका हुन्छन्। यसले विभिन्न क्षेत्रमा उत्पन्न हुने अवस्था, सामाजिक–आर्थिक संरचना, राजनीतिक तथा कानूनी प्रबिधिहरू, तर्फका नियमनकरणका अभाव, लागतको व्यवस्थापन, विकास योजनामा असमर्थता, प्रावृत्तिक समस्याहरू, बडापत्रका प्रतिबद्धतासँग सम्बन्धित सक्षमताहरू, प्रविधिहरूको अभाव, रोजगारको अभाव, विपणन र विपणनका तरिकाहरू, विदेशी निवेशको अभाव, सामाजिक र पर्याप्त अनुसंधान तथा नवाचारको अभाव, प्राधिकृतीकरणका अभाव, प्रदूषणको विपरीत प्रभाव, आप्रवासन, लागतको असमझ तथा व्ययको बिहिनता, तथा प्राप्ति तथा विनाशका स्रोतमा असहमति जस्ताका कई समस्याहरू परियोजनाहरूमा आएका छन्।

शेयर करोबारमा आएका समस्या र चुनौतीहरूको समाधान गर्नका लागि केहि रणनीतिहरू यहाँ दिइएको छः
(क) अध्ययन र अनुसन्धानः शेयर करोबारमा प्रवेश गर्दा पहिलोपटक अध्ययन गर्नु अत्यन्त महत्त्वपूर्ण छ। केहि समय लगाउने र प्रमुख सम्स्या र चुनौतीहरूलाई पहिचान मात्रै यहाँलाई उपयुक्त प्रावधान प्रदान गरिएको छ ।
(ख) **निवेशकको ज्ञान र परिप्रेक्ष्यः** निवेशकलाई शेयर बजारको प्रावधान, कामकाज, निवेश संघर्ष, विपत्तिहरू, अनुसन्धान गर्दै आवश्यक जानकारी प्रदान गर्ने आवश्यक छ ।
(ग) **दिनबित्तिय नियमितताः** शेयर करोबारमा नियमितता राख्दा निवेशकले अधिक परिस्थितिक परिपर्णता अनुभव गर्न सक्छ। दिनबित्तिय लेखा–बही, मूल्यमा पर्याप्त अध्ययन, प्रतिष्ठित बजार विश्लेषण गर्न निवेशकलाई मद्दत पुर्याउँदछ ।

६. **संस्थागत सुशासन**
संस्थागत सुशासन संरचना संगठन वा संस्था बारे अधिक शुद्धता, प्रशासन, नियमितता, र प्रदायकता अवगत गराउनका लागि विभिन्न व्यवस्थापनका कदमहरूलाई सम्मिलित गर्दछ। यसले संस्थागत सुशासनको प्रभावशीलता, कार्यप्रणालीको अद्यावधिकता, र संवाद सञ्चालनका लागि माध्यम प्रदान गर्दछ। यहाँ केहि महत्त्वपूर्ण कदमहरूको विवरण दिइएको छ ।
(क) **संस्था निर्माण र प्रशासनः** संस्थागत सुशासनको पहिलो कदम संस्था निर्माण र प्रशासनमा छ। सुशासन नीति, विशेषतः प्रशासनिक प्रक्रिया, अनुशासन निर्धारण, प्रबन्धन प्रक्रिया, र नियम र विनियमहरूको पालन गर्दा अवश्यक छ ।
(ख) **नियमितता र अद्यावधिकताः** संस्थागत सुशासनको अर्को महत्त्वपूर्ण पहिलो कदम नियमितता र अद्यावधिकताको लागि हो। नियमितता सुनिश्चित गर्दा संस्थाबारे निरीक्षण, साक्षरता, नियमित अनुसन्धान र परीक्षणका लागि उपाय निर्धारित गर्न सकिन्छ ।
(ग) **सूचना प्रविधिकरणः** संस्थागत सुशासनको एक अद्यावधिक कदम सूचना प्रविधिकरणको विकास हो । डिजिटल प्लेटफर्म, नेटवर्किङ, सूचना सुरक्षा, डेटा प्रबन्धनका लागि उपायहरू विकसित गर्दा संस्थाको सूचना प्रविधिकरण प्रदान गर्दछ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।